# बन्दीपुर गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

बन्दीपुर, तनहुँ

## करार सेवामा कर्मचारि पदपुर्ति सम्बन्धी सुचना

**विज्ञापन नं. :** ०२/२०७७/०७८ **प्रथम पटक प्रकाशित मिति :** २०७७/०५/०२

बन्दीपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय अन्तरगत संचालनमा रहेको बन्दीपुर अस्पताल र धरमपानि स्वास्थ्य चौकीमा कार्य गर्न स्वास्थ्यकर्मीहरूको आबश्यकता रहेकोले देहायको पद र संख्यामा करार-सेवामा पद-पुर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरूले यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिए बमोजिम नेपाली नागरिकताको प्रमाण-पत्र र शैक्षिक योग्यताको प्रमाणीत प्रतिलिपि तथा राजश्व दाखिला गरेको बैंक भौचर सक्कल प्रती संलग्न राखी दरखास्त फाराम पेश गर्नुहुन अनुरोध गरिन्छ ।

बिस्तृत बिबरणको लागि गाउँपालिकाको वेभ-साइट www.bandipurmun.gov.np मा हेर्न सकिने व्यहोरा समेत अनुरोध छ ।

| क्र.स. | बिबरण (पद) | शैक्षिक योग्यता | आबश्यक संख्या |
|---|---|---|---|
| १ | हे.अ. | मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रमाण-पत्र तह (Health Assistant) उतिर्ण गरेको । | ४ |
| २ | स्टाफ नर्स | मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रमाण-पत्र तह PCL nursing (staff nurse) उतिर्ण गरेको। | १ |
| ३ | अ.हे.व. | मान्यता प्राप्त शैक्षिक संस्थाबाट C.M.A कोर्ष उतिर्ण गरेको। | १ |

**दरखास्त फाराम र परिक्षा संचालन तथा छनौट सम्बन्धी कार्यबिधि र कार्य-प्रक्रिया :**

१) नेपाली नागरिक हुनुपर्ने ।
२) तोकीए बमोजिम न्युनतम शैक्षिक योग्यता पुरा भएको प्रमाणित प्रतिलिपी संलग्न हुनुपर्ने।
३) कामको अनुभव खुल्ने कागजात पेश गर्नुपर्ने ।
४) अन्य प्रचलित कानुनद्वारा अयोग्य नठहरिएको ।
५) १८ बर्ष पुरा भई ४० वर्ष ननाघेको ।
६) **दरखास्त फारम दस्तुर :** रू, ४००।- (चार सय मात्र) एन आई सी एसीया बैक लिमिटेड, डुम्रे शाखामा रहेको स्थानीय तह संचित कोष बन्दिपुर गाउँपालिकाको खाता नं. १४६२०५००२६९१२००११ मा जम्मा गरी सोको सक्कलै भौचर संलग्न हुनु पर्नेछ ।
७) **दरखास्त दिने अन्तीम मिति :** २०७७/०५/१६ गते कार्यालय समय भित्र । (१० देखि ५ बजेसम्म) यदी अन्तिम दिन सार्वजानिक विदा परेको खण्डमा कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र ।
८) **सेवा सुबिधा तथा पारीश्रमिक :** सम्बन्धित पद/तहको लागि नेपाल सरकारले तोकेबमोजिमको शुरू तलब स्केल हुनेछ ।
९) **छनौट सम्बन्धी ब्यबस्था :** बन्दीपुर गाउँपालिकाबाट बन्दीपुर राजपत्रमा प्रकाशीत करारमा जनशक्ती ब्यबस्थापन सम्बन्धी कार्यबिधीमा उल्लेख भएअनुसारको कार्य-प्रक्रीयाको अबलम्बन गरिनेछ।
१०) प्रचलित कानुनको अधिनमा रही गाउँपालिका कार्यालयको हितमा हुने गरी पदपुर्ति सम्बन्धी/विज्ञापनमा उल्लेखित बिबरणमा आबश्यकता अनुसार थप घट र संसोधन गर्ने तथा छनौट सम्बन्धी कार्य-प्रक्रीया सहितको अन्तिम अधिकार बन्दीपुर गाउँपालिकामा निहित हुनेछ ।
११) उम्मेदवारले नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी र शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, सम्बन्धित काउन्सिलमा दर्ता भई नबिकरण भएको प्रमाणित प्रतिलिपि तथा पासपोर्ट साईजको फोटो-३ प्रति पेश गर्नुपर्नेछ । साथै दरखास्त साथ पेश गरिएका सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ।
१२) **परिक्षाको किसिम :** बन्दीपुर गाउँपालिकाबाट पारित करारमा जनशक्ती ब्यबस्थापन सम्बन्धी कार्यबिधीमा ऊल्लेख भए अनुसार प्रारम्भीक योग्यताको सुचिकरण प्रक्रिया, अन्तरवार्ता र प्रयोगात्मक परीक्षा सञ्चालन गरी उम्मेदवार छनौट गरिनेछ ।
१३) दरखास्त फारम पेश गर्नको लागि उम्मेदवार स्वयं अनिवार्य रूपमा कार्यालयमा उपस्थित भई आफनो दस्तखतबाट फारम बुझाउनु पर्नेछ।
१४) **दरखास्त फारम पाईने स्थान :** बन्दीपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय अन्तरगत स्वास्थ्य शाखा ।
१५) **सम्पर्क मिति :** सुचना प्रकाशन भएको मितिले सोर्हौं दिन (दरखास्त फारम दर्ता गर्ने अन्तिम मितिको भोलीपल्ट)
१६) **थप जानकारिको लागी सम्पर्क नं. :** ९८५६०६७८१७ मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।


# प्लाज्मा थेरापी कोभिड-१९ उपचारमा कति सफल ? अध्ययन भन्छ : निकै फलदायी

♦ लरेन निरगार्ड (रासस/एपी)

मायो क्लिनिकका अनुसन्धाताहरूले कोभिड-१९ बाट निको भएका व्यक्तिको रक्त प्लाज्मा अरू व्यक्तिलाई निकै फलदायी रहेको जानकारी दिएका छन्, तर प्रामाणिक तहमा पुष्टी भइसकेको छैन । प्रभावकारी उपचार पद्धतिको व्यापक खोजी भइरहँदा कतिपय विज्ञहरूले भने प्लाज्मा थेरापीमा रहेका अस्पष्टताप्रति चिन्ता व्यक्त गरेका छन्। संयुक्तराज्य अमेरिकामा




६४,००० भन्दा बढी कोरोना संक्रमितलाई प्लाज्मा थेरापीबाट उपचार गरिएको छ । खोप (भ्याक्सिन) विकास गर्नुअघि सयौं वर्षदेखि यो विधि विभिन्न ज्वरो (फ्लु) र दादुराका बिरामीको उपचारका लागि प्रयोग हुन्थ्यो ।

नयाँनयाँ रोग निस्कँदा औषधि र खोप दुबै नहुँदा मानिसको जीवन जोखिममा पर्नु स्वाभाविक हो । यस्तो आपतकालीन स्थितिमा वैज्ञानिकहरूले प्लाज्मा थेरापीलाई तत्काले उपलब्ध विधिका रूपमा प्रचलनमा ल्याउने गरेका छन्, तर यो विधि सबै किसिमका संक्रमणमा सफल भएको छैन । हालसम्म कोरोनाभाइरस विरूद्ध लड्न प्लाज्मा थेरापी सक्षम र उपयुक्त नै छ भन्ने ठोस वैज्ञानिक आधार तयार भइसकेको छैन, र यस्तो अवस्थामा यसको उपयोग गर्नु कति ठीक होला? तर प्लाज्मा दिइएका करिब ३५,००० बिरामीको प्रारम्भिक तथ्याँक विश्लेषण गर्दा निकै सकारात्मक प्रभाव देखिएको मायो क्लिनिकका मुख्य अनुसन्धाता डा माइकल जोयनरले बताउनु भएको छ ।

कोरोना संक्रमण देखिएको तीन दिनभित्र प्लाज्मा दिइएका व्यक्तिको मृत्युदर ज्यादै न्यून रहेको छ । जोयनरका अनुसार शरीरमा भाइरससँग लड्ने क्षमता अत्यन्त कमजोर भएर एन्टीबडीको सख्त जरूरी परेका बिरामीलाई समेत प्लाज्मा थेरापीले धेरै मद्दत गरेको छ । समस्या कहाँनेर छ त ?: यो औपचारिक अध्ययन भने होइन। अमेरिकी खाद्य तथा औषधि प्रशासन (एफडीए) को निर्देशिका बमोजिम संयुक्तराज्य अमेरिकाका विभिन्न अस्पतालमा बिरामीको भिन्नभिन्न तरिकाबाट उपचार भइरहेको छ ।

अमेरिकामा प्रयोगात्मक उपचार विधिका सम्बन्धमा व्यापक जानकारीमा पहुँच दिइने भनिए पनि प्लाज्मा प्राप्त गर्ने बिरामीका बारेमा प्रष्ट जानकारी छैन । हाल देशभरबाट प्रमाणहरू संकलन गर्ने अभियान संचालनमा छ । "करिब १०२ वर्षदेखि हामी प्लाज्माले साँच्चिकै काम गर्दछ वा गर्दैन भनेर हामी बहस गरिरहेका छौं," न्यूयोर्क विश्वविद्यालयकी डा मिला ओर्टिगोजाले बताउनुभयो । उहाँले सन् १९१८ मा पनि फ्लुको महामारीका दिनमा प्लाज्मा थेरापीको प्रयोग गरिएको थियो । यस पटक हामीलाई विवादरहीत ठोस प्रमाणहरूको खाँचो छ, उहाँले भन्नुभयो।

ओर्टिगोजाले यस्तै एउटा अध्ययनको सहसंयोजकका रूपमा कार्य गरिरहनु भएको छ । यसै साता यो समूहले अरू तीन वटा राज्यहरू (कनेक्टिकट, फ्लोरिडा र टेक्सास)मा अध्ययन गर्दैछ । प्लाज्मा उपचारको निष्कर्ष जतिसक्दो चाँडो सार्वजनिक गर्न मुलुकका अन्य क्षेत्रबाट पनि तथ्याँक विवरणहरू संकलन गर्ने तयारी ओर्टिगोजा टिमको छ। "स्पष्ट उत्तर कहिले प्राप्त होला भन्ने सबैको चासो छ," सेन्ट लुइसस्थित वासिङ्टन युनिभर्सिटीका संक्रामक रोग विशेषज्ञ डा जेफ्री हेन्डरसनले भन्नुभयो। उहाँले क्लिनिकल ट्रायलहरू अघि बढ्ने विश्वास व्यक्त गर्दै मायो क्लिनिकको प्रतिवेदन सानो संख्याका बिरामीको तथ्याँकमा आधारित रहेको बताउनुभयो।

शरीरभित्र कुनै नयाँ जीवाणु प्रवेश गरेमा शरीरले यसविरूद्ध लड्न प्रोटिन नामको एन्टीबडी बनाउँछ। यस्तो एन्टीबडी प्लाज्मामा रहेको हुन्छ, र यसको रंग पहेंलो-पहेंलो र तरल रूपमा हुन्छ । एन्टीबडी निर्माण हुन केही साता लाग्ने भएकाले कुनै व्यक्तिको एन्टीबडी राख्दा बिरामीलाई भाइरस विरूद्ध लड्न मद्दत गर्दछ र त्यसबीचमा व्यक्तिको रोगप्रतिरोधी क्षमता विकास हुन्छ । मायोका नतिजाहरूलाई वैज्ञानिक अध्ययनका लागि वेबसाइटमा खुला राखिएको छ। कोरोना संक्रमित भएको तीन दिनभित्र उच्च गुणस्तरको एन्टीबडी प्लाज्मा दिइएका व्यक्तिमध्ये २० प्रतिशतको ३० दिनभित्र मृत्यु भएको थियो जबकी न्यून गुणस्तरको एन्टीबडी प्लाज्माबाट उपचार गरिएका ३० प्रतिशतको मृत्यु भएको थियो ।

एफडीएले आपतकालीन प्लाज्मा उपचार विधिलाई अनुमति दिने वा नदिने भन्ने सम्बन्धमा गहन अध्ययन गरिरहेको जनाएको छ । एफडीएले यसका बारेमा शुक्रबार कुनै टिप्पणी गर्न अस्वीकार गरेको छ । कोभिड-१९ बाट निको भएका दशौं हजार व्यक्तिले प्लाज्मा दान गरिसकेका छन्। संयुक्तराज्य अमेरिकामा कोरोना संक्रमितको संख्या बढेसँगै प्लाज्मा दान गर्न मानिसलाई उत्प्रेरित गर्नेक्रम जारी छ । अमेरिकी रक्तसंचार केन्द्र संघले एक तिहाई अस्पतालहरूले अनुरोध गरेको २४ घण्टाभन्दा बढी समयपछि मात्र प्लाज्मा उपलब्ध गराउन सकिएको जनाएको छ । प्लाज्मा उपचार प्रभावकारी भए नभएका बारेमा प्रष्ट नभए पनि वैज्ञानिकहरू यो उपचार विधि कहिले शुरू गर्नुपर्छ भन्ने बुझ्न चाहन्छन्। उनीहरू प्लाज्मा दिँदा गम्भीर बिरामीलाई वा प्रारम्भिक दिनहरूमा दिनु पर्दछ अथवा कुन डोज सही हो भन्ने जान्न चाहन्छन्।


**मिर्लुङ पोलीक्लिनिक प्रा.लि.को स्वास्थ्य सम्बन्धी सूचना**

**यही भदौ ६ गते शनिबार**

१) पोखरा गण्डकी मेडिकल कलेज र पोखरा डाइविटिज-एण्ड-थाइराइड सेन्टरका वरिष्ठ फिजीसियन, मधुमेह तथा थाईरोइड रोग विशेषज्ञ **डा. तिर्थलाल उपाध्याय**द्वारा शरिर गल्ने, मुख सुक्ने, पिसाब छिटोछिटो हुने, भोक लागिरहने तर दुब्लाउदै जाने, शरीर सुनिने, प्रेसर बढी हुने, मुटुको समस्या आउने, मन आतिने, शरिर भारी हुने, कपाल झर्ने, बच्चा नहुने बाँझोपना आउने आदि समस्या भएमा तुरून्त सम्पर्क राखि सेवा लिनु होस् ।

**समाजिक दुरी कायम गरी उपचार सेवा दिइने छ ।**

**हाम्रा उपलब्ध सेवाहरू :**

दैनिक बिरामी जाँच, प्याथोलोजी (Lab) जस्तै sugar fasting, PP, thyroid, Hba1c, RFT, LFT, Lipid profile, रगत सम्बन्धी सम्पूर्ण जाँच । Vedio X-ray सेवा, ECG सेवा, घाउ Dressing, Suturing सेवा, गुणस्तरीय फार्मेसी सेवा दिनुको साथै Regular खाने सुगर, प्रेशर, मुटु, मानसिकका औषधीहरू पनि बिक्रीवितरण गरिएको छ। सामाजिक दुरी कायम गरि उपचार गरिने छ ।

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**

व्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६१५७८, ९८४६०६२४६५

**के तपाई सुपथ मूल्यमा गुणस्तरीय हार्डवेयरका सामाग्रिको खोजीमा हुनुहुन्छ ? अब हामीलाई सम्झनुहोस्**

प्रो. कृष्ण अधिकारी ०६५-५९०१११, ९८०१३०३००९
प्रो. विरेन्द्र पौडेल ९८४६२४३४१०, ९८४६३७१७६५

**होम हार्डवेयर प्रा.लि.**

ब्यास-२, वागबजार, दमौली, तनहुँ

**हाम्रा सेवाहरू**

१) एशियान पेन्टस । २) प्लाई एभरेष्ट डोर्सको तनहुँ, लमजुङ, गोरखाको मुख्य खुद्रा तथा होलसेल बिक्रेता । ३) विजुली तथा वाइरिङ्का सामानहरू। ४) बेनेकार्डो ब्राण्डका वाथरूम फिटिङ्स् एण्ड सेनेटरीका सम्पूर्ण सामानहरू पाइन्छ

**हार्डवेयरका सामाग्रि खरिदमा विशेष छुटको व्यवस्था**

खाना तयार गर्दा सुरक्षित स्वच्छ पानी र कच्चा पदार्थहरूको प्रयोग गरौं ।

